# स्थानीय राजपत्र

## नेपालगन्ज उप–महानगरपालिकाद्धारा प्रकाशित

## ई–रिक्सा सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धि कार्यविधि, २०७८

नेपलगन्ज उप-महानगरपालिकामा सञ्चालन हुने ई-रिक्साहरुलाई व्यवस्थित गरी ट्राफिक व्यवस्थापन, बजार व्यवस्थापन तथा यात्रु, सवारी चालक, सवारी धनीहरुको हित प्रवर्द्धन गर्दै स्थानीय यातायात व्यवस्थापन र नियमन गर्न आवश्यक भएकोले नगर क्षेत्रमा चल्ने ई-रिक्साहरुको दर्ता, नविकरण,सवारीको संख्याको निर्धारण, रुट इजाजत, चालक अनुमति-पत्र, भाडा दर तथा नियमन जस्ता कार्यलाई व्यवस्थित गर्दै यातायात सेवालाई भरपर्दो र विश्वसनीय बनाउन आवश्यक देखिएको हुँदा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (ट) को खण्ड ४ र सोही ऐनको दफा ६४ को उपदफा १ (क) ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम ई-रिक्सा सञ्चालन,व्यवस्थापन तथा नियमन सम्बन्धि कार्यविधि, २०७८" हुनेछ ।

**२. प्रारम्भः** यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

**३. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "कार्यविधि" भन्नाले ई-रिक्सा व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधि, २०७८ भन्ने बुझिनेछ ।

(ख) "ई-रिक्सा" भन्नाले पेट्रोलियम पदार्थ बिना विद्युत, सौर्य उर्जा वा नविकरणीय उर्जाबाट चार्ज हुने रिक्सा भन्ने बुझिनेछ । जसलाई छोटकरीमा ई-रिक्सा भनिनेछ ।

(ग) "संचालन अनुमति" भन्नाले नेपालगन्ज उप-महानगरपालिकाले रुट निर्धारण गरी नगर क्षेत्र भित्रसञ्चालन गर्न अनुमति दिई सम्बन्धित यातायात व्यवस्था कार्यालयमा सिफारिस गरी दर्ता भएका र दर्ताका लागि सिफारिस भएका ई-रिक्साको संचालन अनुमतिलाई बुझाउने छ ।

(घ) "रुट" भन्नाले ई-रिक्सा सञ्चालनका लागि निश्चित क्षेत्र तोकीरुट इजाजत पत्रमा उल्लेखित रुट भन्ने बुझाउने छ ।

(ङ) "क्रसिङ बिन्दु" भन्नाले नेपालगन्ज उप-महानगरपालिकामा सञ्चालन हुने गरी दर्ता तथा रुट इजाजत प्राप्त गरेका ई-रिक्साले राजमार्ग सडक वारपार गर्ने प्रयोजनका लागि ट्राफिक प्रहरी कार्यालयले निर्धारण गरी दिएका निश्चित संख्याका राजमार्ग सडक वारपार गर्ने स्थान भन्ने बुझिनेछ।

(च) "समिति" भन्नाले यसै कार्यविधिको दफा १३ बमोजिमको गठित व्यवस्थापन समितिलाई बुझिनेछ।

(छ) "स्वरोजगार" भन्नाले आफ्नो वा एकाघर परिवारको नाउँमा बिलबुक भई सवारी चालक अनुमति प्राप्त गरी आफैंले सवारी चलाएको व्यक्ति भन्ने बुझिनेछ ।

(ज) "नगर कार्यपालिका" भन्नाले नेपालगन्ज उप-महानगरपालिकाको नगर कार्यपालिकालाई बुझाउने छ ।

(झ) "नगर क्षेत्र" भन्नाले नेपालगन्ज उप-महानगरपालिकाको सीमाना भन्ने बुझाउने छ ।

(ञ) "प्रमुख" भन्नाले नेपालगन्ज उप-महानगरपालिकाको प्रमुख भन्ने बुझाउने छ ।
(ट)"उप-प्रमुख" भन्नाले नेपालगन्ज उप-महानगरपालिकाको उप-प्रमुख भन्ने बुझाउने छ ।
(ठ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नेपालगन्ज उप-महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउने छ ।
(ड) समिति भन्नाले अटो रिक्सा तथा ई-रिक्सा व्यवस्थापन तथा नियमन समितिलाई बुझाउनेछ ।

## परिच्छेद २
## दर्ता तथा अनुमति सम्बन्धी

**४.संचालन अनुमति लिनु पर्नेः**

(१) नेपालगन्ज उप-महानगरपालिका क्षेत्र भित्र सञ्चालन गरिने ई-रिक्साले प्रचलित कानून बमोजिम दर्ता गर्नु पर्ने निकायबाट दर्ता गरी नेपालगन्ज उप-महानगरपालिकाबाट संचालन अनुमति लिनु पर्नेछ । अनुमति वार्षिक रुपमा नविकरण गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम संचालन अनुमति नलिई नगर क्षेत्र भित्र त्यस्ता सवारी साधन सञ्चालन गर्न पाइने छैन ।

**५. अन्यत्र दर्ता भएका सवारी सञ्चालनमा रोक लगाइनेः**

नेपालगन्ज उप-महानगरपालिकामा दर्ता भएकाई-रिक्सा बाहेक अन्यलाई सञ्चालनमा पूर्णत बन्देज गरिनेछ ।

तर अन्यगाउँ/नगरपालिकामा दर्ता भई यस उप-महानगरपालिकाबाट तोकिएको दस्तुर तिरी रुट इजाजत लिएमातोकिएको अवधिको लागि सवारी सञ्चालन गर्न पाउनेछ ।

**६. दर्ता गर्नु पर्नेः**

(१) नगर क्षेत्रमा सञ्चालन गर्न इच्छुक ई-रिक्सा नगरपालिकाले समय समयमा निकालेको सूचनामा तोकेको अवधि भित्रि सवारी दर्ताको लागि निवेदन दिई सवारी दर्ता गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दर्ता हुने विद्युतीय रिक्सालाई लगत अभिलेख खडा गरी पहिचान खुल्ने सवारी साधन नं. र रुट इजाजत उपलब्ध गराइनेछ ।

(३) दर्ता भएका ई-रिक्साले तोकिएको दस्तुर तिरी वार्षिक रुपमा नवीकरण गर्नु पर्नेछ ।

**७. सूचना गर्नु पर्नेः**

(१) यस कार्यविधि बमोजिम ई-रिक्सा संचालन अनुमतिका लागि नगर कार्यपालिकाले कम्तीमा २१ दिने सार्वजनिक सूचना गर्नु पर्नेछ ।

**८. निवेदन दिनु पर्नेः** दफा ४, ५ र ६ बमोजिम दर्ता गर्न **अनुसूचि-१** बमोजिम निवेदन दिनु पर्नेछ ।

**९. सवारी चालक अनुमति पत्रः**

(१)ई-रिक्सा चालकले अनिवार्य रुपमा यस कार्यविधि बमोजिम अस्थायी सवारी चालक अनुमति-पत्र लिनु पर्नेछ ।

(२)सवारी चालक अनुमति-पत्र लिन नेपाली कानूनले तोके बमोजिमका नागरिकले यस कार्यालयबाट समय समयमा सवारी चालक अनुमति-पत्रको लागि आवेदन दिन कम्तिमा १५ दिनको सूचना जारी गर्नेछ ।

(३) परिक्षाको किसिम अभिमुखिकरण र प्रयोगात्मक हुनेछ ।

(४) अस्थायी सवारी चालक अनुमतिपत्र वार्षिक रुपमा नविकरण गर्नुपर्नेछ ।

(५) सवारी चालक अनुमति पत्रको ढाचाँ **अनुसूची-२** बमोजिम हुनेछ ।

## परिच्छेद-३
## रुट तथा संख्या निर्धारण सम्बन्धी

**१०. रुट निर्धारण:** यस कार्यविधि बमोजिम सञ्चालन हुने अटो रिक्सा तथा ई-रिक्साहरु लाईदर्ता हुँदाका बखत रुट ईजाजत समेत दिईनेछ । रुट इजाजतको क्षेत्र नगरकार्यपालिकाबाट पछि अन्य व्यवस्था भएकोमा सोही बमोजिम हुने र हाल यस नगरक्षेत्रमा रहनेछ ।

**११. संख्या निर्धारण:**

(१) ई-रिक्साको संख्या निर्धारण गर्दा यात्रुको चाप, ट्राफिक व्यवस्थापन, बजार व्यवस्थापनको अवस्था जस्ता पक्षको विश्लेषण गरी समितिको सिफारिसमा कार्यपालिकाले संख्या निर्धारण गर्न सक्नेछ ।

(२) उपदफा १ बमोजिमको व्यवस्था नभएसम्मका लागि नगर कार्यपालिका कार्यालयबाट एकपटकका लागि सूचना प्रकाशन गरी निर्धारित समयभित्र दर्ता हुन आएका ई-क्साको संख्या मात्र कायम हुनेछ ।

**१२. पार्किङ स्टेशन तोक्न सक्ने:**

ट्राफिक तथा वजार व्यवस्थापन गर्न यस कार्यविधी बमोजिम दर्ता भएका ई-रिक्सालाई नगर क्षेत्रको विभिन्न स्टेशनहरुमा आलोपालो प्रणालि अपनाई कुनै एक स्थानमा निश्चित समयका लागि निश्चित संख्यामा मात्र बसी व्यवसाय गर्न पाउने गरी व्यवस्था गर्न सम्बन्धीतअटो रिक्सा तथा ई-रिक्स व्यवसायी समितिलाई ई-रिक्सा व्यवस्थापन तथा नियमन समितिले शर्त तोकी अनुमति दिन सक्नेछ ।

## परिच्छेद-४
## व्यवस्थापन तथा नियमन समिति सम्बन्धी

**१३. ई-रिक्सा व्यवस्थापन तथा नियमन समिति:**

(१) नगर क्षेत्रमा सञ्चालन हुने ई-रिक्सो संचालन व्यवस्थापन तथा नियमन सम्बन्धमा कार्य गर्नका लागि देहाय बमोजिमको समिति गठन गरिनेछ ।

क)नगर उप-प्रमुख - संयोजक

ख) यातायात व्यवस्था कार्यालय प्रमुख वा निजले तोकेको अधिकृत- सदस्य

ग) जिल्ला ट्राफिक प्रहरी कार्यालय प्रमुख वा निजले तोकेको अधिकृत - सदस्य

घ) अटो रिक्सा व्यवसायी समितिको प्रतिनिधि-सदस्य

ङ) जिल्ला स्थित उपभोक्ता हित संरक्षण मंचको प्रतिनिधी -सदस्य

च)राजस्व शाखा प्रमुख - सदस्य सचिव

समितिले आवश्यकता अनुसार सम्बन्धित सरोकारवाला पक्षलाई समिति बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(२) समितिको काम कर्तव्य र अधिकार:

क) ई-रिक्साको दर्ता, नविकरण, रुट निर्धारण तथा खारेजी ।

ख)सवारी भाडा दर निर्धारण तथा पुनरावलोकन ।

ग) सवारी साधन संचालन योग्य छैन भनि सम्बन्धित प्राविधिकबाटसिफारीस भई आएमा त्यस्ता सवारी साधनको दर्ता र रुट खारेज गरी सञ्चालनमा बन्देज लगाउने गर्ने ।

घ) नगर क्षेत्रमा संचालित सवारी साधन, ट्राफिक व्यवस्थापनको अवस्था समेतलाई विचार गरी रिक्शा जन्य साना सवारी साधनको संख्या थप घट गर्न नगर कार्यपालिकालाई सिफारिस गर्ने ।

(ङ) सवारी चालक अनुमति-पत्र सम्बन्धि कार्य गर्ने ।

(३) समितिको बैठक व्यवस्थापन सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) समितिले आफ्नो अधिकार क्षेत्रभित्रको कुनै कार्य गर्न आवश्यकता अनुसार उप-समिति गठन गरी सम्पादन गर्न सक्नेछ ।

**१४. बिमा गर्नुपर्ने:**सवारी धनीले प्रचलित कानून बमोजिम सवारी दर्ता एवं नविकरण गर्नुपुर्व यात्रु तथा तेश्रो पक्ष बिमा अनिवार्य गर्नुपर्नेछ ।

**१५. सवारी धनी तथा सवारी चालकले पालन गर्नुपर्ने:**

(क) सवारीधनी र सवारी चालकको ठेगाना र फोन नं. सहित पहिचान खुल्ने विवरण सवारी साधनमा सवैले देख्ने गरी राख्नु पर्नेछ ।

(ख) प्रचलित कानून बमोजिम यात्रु तथा तेस्रो पक्ष बिमा गराएको हुनु पर्दछ ।

(ग) निषेधित क्षेत्रमा सवारी सञ्चालन गर्न पाइने छैन ।

(घ) राजमार्ग सडक, कच्ची सडक तथा नगर क्षेत्र भित्रको पहाडी भौगोलिक क्षेत्रका सडकमा सवारी सञ्चालन गर्न पाइने छैन ।

(ङ) दर्ता नभएका र नवीकरण नभएका सवारी साधन सञ्चालन गर्न पाइने छैन ।

(च) सवारी धनीले सवारी चालकलाई नियुक्ति पत्र वा फोटो सहितको परिचय पत्र उपलब्ध गराउने र सवारी चालकले अनिवार्य परिचय पत्र लगाउनु पर्नेछ ।

(छ) मादक पदार्थ वा लागु औषध सेवन गरी सवारी संचालन गर्न पाइने छैन ।

(ज) यात्रु संग मर्यादित व्यवहार गर्नु पर्नेछ ।

## परिच्छेद-५
## दण्ड तथा जरिवाना

**१६. दण्ड जरिवाना सम्बन्धी व्यवस्था:**

(१) दण्ड जरिवानाको हकमा हाललाई ट्राफिक नियम बमोजिम हुनेछ ।

## परिच्छेद-६
## विविध

**१७.** अटो रिक्सा तथा ई-रिक्सा:

१. दर्ता अनुमति भई रुट इजाजत प्राप्त अटो रिक्सा तथा ई-रिक्साहरुको सञ्चालन अवधी यो कार्यविधि बमोजिम दर्ता/रुट इजाजत प्राप्त भएका मितिले ७ वर्ष सम्म मात्र हुनेछ । सो मिति पछि उक्त सवारी साधन धनी स्वंयले नष्ट गर्नु पर्नेछ । त्यसरी नष्ट नगरेमा उक्त रिक्साको दर्ता तथा रुट इजाजत खारेज गरी जफत गरिनेछ ।
   तर यसै कार्यविधि बमोजिमको प्राविधिक जाचँबाट संचालन योग्य नदेखिएमा जुनसुकै बेला स्वत दर्ता तथा रुट इजाजत खारेज हुनेछ ।

२. उपदफा १ बमोजिम खारेज भएको सवारी दर्ता नं. मा सोही धनीले नयाँ अटो खरिद गर्दा पाउने/नपाउने भन्ने निणर्य धनीको आर्थिक/पारिवारी अवस्था विचार गरी व्यवस्थापन समितिले निणर्य गरे बमोजिम हुनेछ।

३. यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यातायात व्यवस्था कार्यालयमा दर्ता भई संचालन भएका अटो रिक्सा तथा ई-रिक्साहरुको हकमा यसै कार्यविधि बमोजिमको प्रकृयामा आई निर्धारित संख्या भित्रै परेमा यस कार्यालयबाट सञ्चालन अनुमति प्राप्त गर्नेछ ।

४. अटो रिक्सा तथा ई-रिक्साको जुनसुकै शिर्षकबाट प्राप्त वार्षिक आम्दानीको २५% ले हुन आउने रकम यसै क्षेत्रको व्यवस्थापन तथा नियमन तथा समितिले आवश्यक ठानेका क्षेत्रमा खर्च गर्न सक्नेछ ।

अनुसूची-१

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,                                                                   मितिः
नेपालञ्ज उप-महानगरपालिका, बाँकें ।

विषयः- ई-रिक्सा दर्ता/नविकरण/सञ्चालन अनुमति/रुट इजाजत सम्बन्धमा ।

सवारीको किसिमः
सवारीको नामः

सवारी धनीको नामः
सवारी खरिद मितिः

धनीको स्थायी ठेगानाः
सवारीको सिट क्षमताः

अन्यत्र दर्ता भए/नभएको:
रुट ईजाजत क्षेत्रः

तेस्रो पक्ष विमा भए/नभएको:

महाशय,

उल्लिखित विवरण भरी "ई–रिक्सा सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धि कार्यविधि, २०७८"ले तोकेको अधिनमा रहि श्रीमान समक्ष यो निवेदन लेखि पेश गरेको छु ।

निवेदकः
नामः
ठेगानाः
दस्तखतः
मितिः

अनुसूची-२

# ई-रिक्सा अनुमति-पत्र(अस्थायी)

**नेपालगञ्ज उप-महानगरपालिका**
**अटो रिक्सा तथा ई-रिक्सा अनुमति-पत्र**

फोटोमा पर्ने गरी स्वयंको दस्तखत

| | |
|---|---|
| जारी मितिः | अन्तिम मितिः |
| नम्बरः | |
| नामः | |
| बुवाको नामः | |
| स्थायी ठेगानाः | |
| ना.प्र.प.नं.: | रक्त समुहः |
| जन्म मितिः | वर्गः |
| सम्पर्क नं. | |

जारी गर्ने अधिकारीको दस्तखत

अनुसूची-३

## ई-रिक्सा सञ्चालन सम्बन्धि दस्तुर तथा जरिवाना

| सि.नं. | विवरण | दस्तुर | जरिवाना | कैफियत |
|---|---|---|---|---|
| १ | ई–रिक्सा चालक अनुमती अस्थायी | ८०० | | |
| २ | ई–रिक्सा चालक अनुमती पत्र वार्षिक नविकरण | ५०० | | |
| ३ | सवारी रुट इजाजत | | | |
| ४ | सवारी दर्ता | १००० | | |
| ५ | सवारी वार्षिक नविकरण | ५०० | | |
| ६ | जथाभावी पार्किङ्ग | | | |
| ७ | लेन अनुशासन पालना नगरेमा | | | |
| ८ | मादक पदार्थ सेवन गरी चलाएमा | | | |
| ९ | सवारी चालक अनुमति-पत्र नभएमा | | | |
| १० | संचालन अनुमति नलिएमा | | | |
| ११ | रुट इजाजत नलिएमा | | | |
| १२ | सवारी दर्ता नगरेमा | | | |
| १३ | सवारी नविकरण नगरेमा | | | |
| १४ | सवारीको अवस्था ठिक नभएमा | | | |